# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्यूठान

लुम्बिनी ~~५ नं.~~ प्रदेश नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति २०७८/१/६

## विपन्न वर्गका कृषकहरुको लागि प्लाष्टिक टनेल वितरण कार्यक्रमको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रस्तुत विषयमा चालु आ.व.२०७७/०७८ मा यस झिमरुक गाउँपालिकामा लुम्बिनी प्रदेश सरकारबाट बिशेष अनुदानमा प्राप्त मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अर्न्तगत यस गाँउपालिका भित्रका विपन्न वर्गका कृषकहरुको लागि प्लाष्टिक टनेल वितरण कार्यक्रम रहेको हुनाले कलष्टरमा तरकारी खेती गर्न इच्छुक कृषि समूहका कृषकहरुले आवश्यक कागजातहरु सहित मिति २०७८/१/१२ गतेसम्म यस कार्यलयमा तपसिलको विवरण पेश गरी प्रस्ताव सहित निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**कार्यक्रम मापदण्डहरु :**

| क.स | विवरण | लक्षित वर्ग |
|---|---|---|
| १ | विपन्न वर्गका कृषकहरुको लागि प्लाष्टिक टनेल वितरण कार्यक्रम | • गरिबीको समस्याबाट प्रभावित कृषक परिवार<br>• बैदेशिक रोजगारबाट फिर्ता भएका कृषकहरु<br>• रोजगारी गुमेका व्यक्ति वा परिवार<br>• दलित,पिछिडिएको समुदाय तथा सुरक्षित बसोबास नभएको कृषक परिवार |

**आवश्यक कागजातहरु :**

१. निवेदन

२.पूर्णरुपमा भरिएको प्रस्तावना पत्र

३.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४.प्रतिवद्धता पत्र

५.कृषक समूहमा आबद्ध भएको भए समूहको निर्णयको प्रतिलिपि समेत

६.वडा कार्यालयको सिफारिस

०७८/१/०६

नि. प्रमुख प्रशासकीय अधिकृत